# बनेपा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बनेपा, काभ्रेपलाञ्चोक
३ नं. प्रदेश, नेपाल

**विज्ञापन कर उठाउने सम्बन्धी बोलपत्र आह्वानको सूचना**
(प्रथम पटक प्रकाशित मिति २०७६।२।१६)

बनेपा नगरपालिकाको आर्थिक ऐन २०७५ बमोजिम स्वीकृत दररेटको अधिनमा रही यस बनेपा नगर क्षेत्र भित्र (बनेपा नगरपालिका वडा नं. १० र ११ को क्षेत्र बाहेक) विज्ञापन कर असुलीको कार्य ठेक्का बन्दोबस्तद्वारा गर्नुपर्ने भएकोले तपसिलमा उल्लेखित शर्त बन्देजको अधिनमा रही उक्त कर उठाउन चाहाने योग्य इच्छुक दर्तावाला संस्थाले यो सूचना प्रकाशित भएका मितिले एकतीसौं दिन भित्र शिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**शर्त बन्देज**

१. यस सम्बन्धी बोलपत्र फारम रु. १,०००।- (एक हजार मात्र) ( पछि फिर्ता नहुने) तिरी बनेपा नगर कार्यपालिकाको राजस्व शाखाबाट प्राप्त गर्न सकिने छ ।

२. यो सूचन प्रथम पटक प्रकाशित भएको मितिले तीसौं दिन भित्र कार्यालय समय सम्ममा बोलपत्र फारम खरिद गर्न र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले एकतीसौं दिन दिनको २:०० बजे भित्रमा शिलबन्दी बोलपत्र फारम बनेपा नगर कार्यपालिकाको कार्यालयमा दर्ता गर्न सकिने छ ।

३. म्याद भित्र दर्ता भएका बोलपत्रफारमहरु प्रथम पटक सूचना प्रकाशित भएका मितिले एकतीसौ दिन दिनको २:३० बजे कार्यालयमा खोलिने छ । बोलपत्र खोल्ने समयमा बोलपत्रदाता वा निजको प्रतिनिधि नरहे पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

४. बोलपत्रसाथ आफुले कबोल गरेको कुल रकमले हुन आउने पाँच प्रतिशत वा सो भन्दा बढि रकम यस कार्यालयको नेपाल बैंक लि. बनेपा शाखामा रहेको हि.नं. ग३ ०१५०३००००००००३००००७ मा जम्मा गरेको सक्कलै भौचर धरौटीका रुपमा समावेश गरेको हुनुपर्ने छ ।

५. बोलपत्र दाताले आ.व. २०७६।०७७ र आ.व. २०७७।०७८ सम्म दुई आर्थिक वर्षको अवधिको लागि उक्त कर उठाउन पाउने गरी दुई वर्षको यस कार्यालयलाई बुझाउन सक्ने रकम अंक र अक्षर दुवैमा स्पष्ट रुपमा उल्लेख गरेको हुनुपर्नेछ ।

६. स्वीकृत बोलपत्रवालाले आफुले कवोल गरेको कुल रकमको दामासाहिले हुने प्रत्येक वर्षको रकम उक्त आर्थिक वर्ष भित्रमा बढिमा तीन किस्तामा बुझाउनु पर्नेछ । यसरी किस्ता किस्तामा ठेक रकम कुझाउने भएमा कुल कबोल अंक बराबर वा सो भन्दा बढिको मान्यता प्राप्त बैंकबाट जारिगरेको मिति २०७८ साल साउन १० गते सम्म म्याद भएको बैंक ग्यारेण्टी सक्कलै प्रस्तुत गरेको हुनुपर्ने छ ।

७. स्वीकृत बोलपत्रदाताले कुल कबोल अंक अग्रिम रुपमा एकमुष्ट बुझाउँदा पाँच प्रतिशत रकम छुट दिइने छ र यसरी अग्रिम दाखिला गर्दा यस कार्यालयका नामको ने.बै.लि. बनेपा शाखामा रहेको हि.नं. ग४१ ००१५०३००००००००४००१००३ मा दाखिला गरेको सक्कलै बैंक भौचर संझौताका लागि उपस्थित हुँदा पेश गरेको हुनुपर्ने छ । यसरी अग्रिम दाखिला गरेमा शर्त बन्देज ५ बमोजिमको बैंक ग्यारेण्टी आवस्यक पर्नेछैन ।

८. स्वीकृत बोलपत्रदाताले किस्ता किस्तामा रकम बुझाउने भए संझौताका लागि उपस्थित हुँदा पहिलो किस्ता बापतको रकम यस कार्यालयका नामको ने.बै.लि. बनेपा शाखामा रहेको हि.नं. ग४१ ००१५०३००००००००४००१००३ मा दाखिला गरेको सक्कलै बैंक भौचर पेश गरेको हुनुपर्ने छ । साथै अघिल्लो किस्ता भुक्तान हुनुभन्दा सात दिन अगावै दोस्रो किस्ता भुक्तान गरेको हुनुपर्नेछ । साथै स्वीकृत बोलपत्रदाताको धरौटी संझौता अवधिभर धरौटीका रुपमा रहने छ ।

९. बोलपत्र फारम खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमश: सो को भोलिपल्ट हुनेछ । साथै दरभाउ पत्र खोल्ने दिन दरभाउ पत्रदाताको प्रतिनिधि अनुपस्थित रहे पनि दरभाउपत्र खोल्न कुनै बाधा परेको मानिने छैन ।

१०. बोलपत्रदाताले आफु बोलपत्रदाखिला गर्न अयोग्य नभएको भनि स्वयम घोषणा पेश भएको हुनुपर्ने छ । साथै नविकरण गरिएको इजाजत पत्र, मु.अ.क. दर्ता प्रमाण पत्र, स्थायी लेखा नं. दर्ता प्रमाण पत्र र आ.व. २०७४।०७५ सम्मको कर चुक्ता प्रमाण पत्र दाखिला गरिएको हुनुपर्ने छ ।

११. कुनै पनि बोलपत्र विनाकारण पूर्ण वा आशिक रुपमा स्वीकृत वा अस्विकृत गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

१२. विज्ञापन कर असुली सम्बन्धी ठेक्का बन्दोबस्त गरेका कारण तिर्नुपर्ने कुनै पनि कर दस्तुर बुझाउने दायित्व स्वीकृत बोलपत्रवालामा रहने छ ।

१३. यो सूचना यस कार्यालयको website www.banepamun.gov.np मा हेर्न सकिने छ । साथै विस्तुत जानकारीका लागि राजस्व शाखामा सम्पर्क राख्न सकिने छ ।

१४. अन्य विषय प्रचलित कानून बमोजिम हुनेछ ।

**कामको विवरण**

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | दुई वर्षका लागि न्युनतम कबोल अंक (मुअक बाहेक) | कैफियत |
|---|---|---|---|---|
| १ | रा ११/२०७५/०७६ | बनेपा नगर क्षेत्र भित्र विज्ञापन कर उठाउने | रु. १०,००,०००।-(दशलाख) | |

राजेन्द्रराज नेपाल
वरिष्ठ राजस्व अधिकृत

Scanned by CamScanner

बनेपा नगर कार्यपालिकाको कार्यालय

# शौचालय दस्तुर उठाउने सम्बन्धी

## बोलपत्र आहवानको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७६।२।१६)**

यस बनेपा नगरपालिकाको स्वामित्वमा रहेको बनेपा नगरपालिका वडा नं. ८ बसपार्क स्थित पुरानो सपिङ कम्प्लेक्सको दायाँवायाँ रहेका दुईवटा र नयाँ सपिङ कम्प्लेक्समा रहेको एउटा समेत जम्मा तीनवटा शौचालयहरु आ.व. २०७६।०७७ को अवधिभरको आगि सञ्चालन गर्न ठेक्कामा दिन यो सूचना प्रकाशित गरिएको छ । शौचालय रहेको क्षेत्र वरपर समेत सरसफाई गर्ने गरी उल्लेखित शौचालय सञ्चालन गरी नगरपालिकाले तोकिदिएको दरमा शुल्क असुल गर्न चहाने इच्छुक नेपाली नागरिक वा दर्तावाला संस्थाले वार्षिक रुपमा कतिसम्म रकम यस नगरपालिकालाई बुझाउने हो सो को अंक र अक्षरमा समेत स्पष्ट उल्लेख गरी निम्न शर्तहरुलाई ध्यानमा राखी उल्लेखित प्रथम पटक सूचना प्रकाशित भएका मितिले एकतीसौं दिन भित्र शिलबन्दी बोलपत्र प्रस्तुत हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. बोलपत्र फारम रु.१,०००। (एकहजार मात्र) तिरी यस कार्यालयको राजस्व शाखाबाट उल्लेखित प्रथम पटक सूचना प्रकाशित भएको मितिले तीसौं दिन कार्यालय समयमा प्राप्त गर्न सकिने छ ।

२. खरिद गरिएका बोलपत्र फारमहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले एकतीसौं दिन दिनको २:०० बजे सम्ममा दर्ता गर्न सकिने छ ।

३. दर्ता भएका बोलपत्र फारमहरु यो सूचना प्रथम पटक प्रकाशित भएका मितिले एकतीसौं दिन दिनको २:१५ बजे नियमानुसार यस कार्यालयमा खोलिने छ ।

४. बोलपत्र फारम खरिद गर्ने, दाखिला गर्न र खोल्ने दिन विदा परेमा क्रमशः सोको भोलिपल्ट खरिद गर्ने, दाखिला गर्ने र खोल्न सकिने छ ।

५. शिलबन्दी बोलपत्र फारम खोल्ने समयमा बोलपत्रवाला वा निजको आधिकारिक प्रतिनिधि उपस्थित नभएमा पनि शिलवन्दी फारम खोल्न बाधा पर्ने छैन ।

६. आफुले वार्षिक बुझाउन कबोल गरेको अंकको पाँच प्रतिशत रकम नेपाल बैंक लि. बनेपा शाखामा रहेको यस कार्यालयको धरौटी खाता नं. ०१५०३००००००००३०००००७ मा जम्मा गरेको सक्कल भौचर बोलपत्र फारम साथ पेश गर्नु पर्नेछ । साथै स्वीकृत बोलपत्रदाताले कबोल अंक पुरै अग्रिम जम्मा गरेमा पाँच प्रतिशत र छ महिनाको अग्रिम जम्मा गरेमा अढाई प्रतिशत छुट दिइने छ ।

७. स्वीकृत बोलपत्रवालाले शर्त नं. ६ बमोजिम अग्रिम रकम जम्मा नगरेमा ठेक्का संझौता गर्दा ठेक रकमको कम्तिमा एक तिहाई बराबरको रकम प्रथम किस्ता बापत बुझाउनु पर्नेछ । एवम रितले दोस्रो किस्ता रकम पहिलो किस्ताको समय भुक्तान हुनुभन्दा एक महिना अगावै बुझाई सक्नु पर्नेछ ।

९. स्वीकृत बोलपत्र दाताले बार्षिक कबोल अंक अग्रिम बुझाएको अवस्थामा बाहेक आफुले कबोल गरेको कुल रकमको पचहत्तर प्रतिशतले हुन आउने रकम बराबरको मान्यता प्राप्त बैंक बाट मिति २०७७ साल साउन पन्ध्र गते सम्मका लागि जारी भएको बैंक ग्यारेण्टी पेश गर्नुपर्ने छ । यदी संझौता बमोजिम समयमा किस्ता रकम नबुझाएमा यसरी राखिएको बैंक ग्यारेण्टी रोक्का राखी लिनु उठाउनु पर्ने रकम असुल उपर गरिने छ ।

१०. शौचालय ठेक्कामा लिए बापत बुझाउनु पर्ने सम्पूर्ण करदस्तुर बुझाउने दायित्व स्वीकृत बोलपत्रदातामा रहने छ । साथै नगरपालिकाले परिचय पत्र उपलब्ध गराएका व्यक्तिहरुबाट शौचालय शुल्क लिन पाइने छैन ।

११. स्वीकृत बोलपत्र दाताले जनही दिसापिसाब गरेबापत रु. ५। का दरले मात्र शौचालय शुल्क असुल गर्न पाइने छ ।

१२. स्वीकृत बोलपत्र दाताले शौचालय संचालनका क्रममा आइपर्ने शौचालय जाम हुने लगायतका समस्याको समाधान स्वयमले गर्नुपर्ने छ ।

१३. अस्विकृत बोलपत्रवालाको धरौटी नियमानुसार फिर्ता गरिने छ ।

१४. कुनै पनि बोलपत्र विनाकारण स्वीकृत वा अस्वीकृत गर्ने अधिकार बनेपा नगरपालिकामा सुरक्षित रहने छ ।

१५. बनेपा नगरपालिकालाई तिर्नु बुझाउनु पर्ने रकम बक्यौता हुने व्यक्तिको बोलपत्र स्वीकृत हुने छैन ।

**कामको विवरण**

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | न्युनतम वार्षिक कबोल अंक | कैफियत |
|---|---|---|---|---|
| १ | रा १२/२०७५/०७६ | पुरानो सपिङ कम्प्लेक्सको दायाँवायाँ रहेका दुईवटा र नयाँ सपिङ कम्प्लेक्समा रहेको एउटा समेत जम्मा तीनवटा शौचालय सञ्चालन । | रु.१८,००,०००।-(अठार लाख) | |

२।१६ [signature]
...राज नेपाल
वरिष्ठ राजस्व अधिकृत

Scanned by CamScanner